Rupantaran: A Multidisciplinary Journal
Vol. X: PP 84-100, May, 2026
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v10i01.94571
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# कृष्णप्रसाद सर्वहाराका कथामा वर्गीय सङ्घर्ष

**गुरुप्रसाद पोखरेल**[१]
Email: *gurupokharel@gmail.com*

**सार**

कृष्णप्रसाद सर्वहाराका कथामा तत्कालीन सामन्तवादी चिन्तन, चरित्र, संस्कार र तिनका व्यवहारको प्रतिनिधित्व गराई निरीह निम्नवर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरिएको छ । सर्वेक्षण, सूक्ष्म पठन, व्याख्यात्मक  तथा पाठविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीय सङ्घर्षको खोजी र विश्लेषण गरिएको छ । सर्वहाराका कथामा उच्चवर्गविरुद्ध निम्नवर्गको सङ्घर्ष केकस्तो छ भन्ने मूल समस्या रहेको यस लेखमा नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनाका कारण उच्चवर्ग भनिएकाले निम्नवर्ग भनिएकाको जायजेथा, घरबास षड्यन्त्रपूर्वक हडपेर र श्रमको शोषण गरी अत्याचार गरेका कारण वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको देखाइएको छ । नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनाका आधारमा निर्मित ज्ञानको स्थापना र प्रसारण भएका कारण सर्वहाराका कथाका निम्नवर्गीय पात्रमा वर्गसङ्घर्षको चेतना प्रकटीकरण हुन नसकेको र वर्गसङ्घर्षको चेतनाको उदय भए तापनि उच्चवर्गीय दमनका कारण त्यो सार्थक निष्कर्षमा पुग्न नसकेको अवस्थाको चित्रण गरिएको छ । तत्कालीन सामन्तवादी उच्चवर्गीय अहम्, वर्चस्व, दम्भ र प्रभुत्वका कारण उच्चवर्गीय हित र सङ्घर्षको चेतना संरक्षित बनेको हुनाले निम्नवर्गको सङ्घर्ष  कमजोर भई असन्तुलित बनेको देखिन्छ । सर्वहाराका कथामा तत्कालीन समाजमा विद्यमान उच्चवर्गद्वारा स्थापित ज्ञान, सत्ता, शक्ति, प्रभुत्व, वर्चस्वकै कारण वस्तुको उत्पादन, उपभोग र वितरणका साधनमाथि उच्चवर्गीय अधीनस्थता रहेको हुनाले निम्नवर्गमाथि अमानवीय ढङ्गको अत्याचार, विभेद, शोषण र उत्पीडन भएको देखिन्छ । तत्कालीन

---

[१] लेखक त्रिभुवन विश्वविद्यालय, पद्मकन्या क्याम्पस, काठमाडौँमा नेपाली विषयमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण नै उनका कथामा उच्चवर्गले निम्नवर्गमाथि उत्पीडनकारी र दमनकारी व्यवहार मात्र गरेको छैन चरम अधीनस्थ अवस्थामा पुर्याई सामाजिक प्रभुत्व पनि कायम गरेको छ । उच्चवर्गकै कारण निम्नवर्ग व्यक्तिगत र सामाजिक न्याय, श्रमको मूल्य र सत्तासम्बन्धबाट वञ्चित हुन गई चरम विभेद, शोषण, दमन र उत्पीडनमा परेको देखिन्छ ।

*शब्दकुञ्जी* : उत्पीडन, प्रभुत्व, वर्ग, वर्चस्व, सामन्तवादी विमर्शात्मक संरचना

## परिचय

कृष्णप्रसाद सर्वहारा (१९९५–२०५२) आधुनिक नेपाली कथाअन्तर्गत सामाजिक यथार्थवादी धाराका एक उल्लेखनीय व्यक्तिप्रतिभा हुन् । उनका दुई छेस्का सलाई (२०१२), दर्बारकी केटी (२०१८) र मान्छे बेचिँदैन (२०३०) गरी तीनवटा कथासङ्ग्रह प्रकाशित छन् । उनका दुई छेस्का सलाई कथासङ्ग्रहका ‘घलेको आँशु’ र ‘ऊ रुन थाल्यो’ तथा दर्बारकी केटी कथासङ्ग्रहको ‘तोर्मे’ कथामा वर्गीय समस्या सघन रहेको पाइन्छ । यी कथासङ्ग्रहका कथा विभिन्न सामाजिक वर्गीय समस्यामा केन्द्रित रहेका छन् । गुणात्मक हिसाबले महत्त्वपूर्ण रहेका सर्वहाराका उक्त कथाले तत्कालीन नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरी सिङ्गो आधुनिक नेपाली कथालाई नै गति दिने काम गरेका छन् । निम्नवर्गीय समस्याको चित्रण, ग्रामीण जनजीवनका विषयको प्रस्तुति, सामाजिक विकृति र विसङ्गतिको चित्रण, सामाजिक मूल्य–मान्यता र संस्कार, नारीका भोगाइ र अनुभूतिको अभिव्यक्ति, सामाजिक रूढि र अन्धविश्वासको चित्रण सर्वहाराका कथाका विशेषता हुन् । उनका कथाामा नेपाली ग्रामीण र सहरिया समाजका कथित निम्नवर्गीय तथा निम्नमध्यम वर्गीय जनताले भोगेका विषम सङ्कट र चरम गरिबीको चित्रण गरिएको छ । यसरी सर्वहाराका कथामा आर्थिक अभावग्रस्तता र त्यसबाट उत्पीडित वर्ग, जाति र लिङ्ग तथा तिनीहरूको सामाजिक–सांस्कृतिक मूल्य र मान्यताको प्रतिनिधित्व गराइएको छ । उक्त कथासङ्ग्रहका वर्गीय समस्या सघन भएका कथालाई मात्र सोद्देश्य छनोट गरी यस लेखमा विश्लेषण गरिएको छ । यस अध्ययनमा सर्वहाराका वर्गीय सङ्घर्ष सशक्त भएका सोद्देश्य नमुना छनोट गरी दुई छेस्का सलाई कथासङ्ग्रहबाट ‘घलेको आँशु’ र ‘ऊ रुन थाल्यो’ दर्बारकी केटी कथासङ्ग्रहबाट ‘तोर्मे’ गरी जम्मा तीनवटा कथाको विश्लेषण गरिएको छ ।

वर्ग समाजमा व्यक्तिहरूका त्यस्ता ठुल्ठुला समूहहरू हुन्, जो ऐतिहासिक सामाजिक उत्पादन प्रणालीमा तिनले ओगटेको स्थान र उत्पादनका साधनहरूसँग तिनको सम्बन्ध कानूनद्वरा निर्धारित गरिन्छन् । सामाजिक श्रमविभाजन र सामाजिक वर्ग विभाजन दुईवटा भिन्न सामाजिक अवस्था हुन् । समाजको वर्गीय विभाजन उत्पादन प्रणालीमा मानवद्वारा स्थापित गरिने उत्पादन सम्बन्धको परिणाम हो । वर्गसंघर्ष दुई शत्रुतापूर्ण अन्तर्विरोधी वर्गहरूकाबीचको निरन्तर अन्तरसंघर्षको वस्तुगत अवस्था हो । यो समय र अवस्था सापेक्ष प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रूपमा, उपरि दृश्य रूपमा वा भित्र–भित्रैको द्वन्द्व, असहयोग आदि

विविध रूपमा चलिरहेको नै हुन्छ । विभिन्न प्रतिस्पर्धादेखि धर्ना, विरोध, भोक हडताल, विद्रोह, सडक संघर्ष तथा उत्पादक वर्गमा देखा पर्ने कामप्रतिको विमोह आदि सम्पूर्ण विरोध वर्गसंघर्षका रूप हुन् । वर्गसंघर्ष वर्ग विभाजित समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्धहरू बीचको अन्तद्र्वन्द्व र तिनका पारस्परिक निषेधात्मक चरित्रको वस्तुगत अपरिहार्य अवस्था हो । उत्पादक शक्तिहरू, विशेष रूपमा श्रमिक वर्ग, जसले सामाजिक उत्पादन गर्छन्, विभेदकारी उत्पादन सम्बन्धनको प्रतिपक्षमा रहन्छन् । तिनलाई परिवर्तन गर्न कहिले सामान्य मागको रूपमा, कहिले असन्तोष त कहिले प्रत्यक्ष–अप्रत्यक्ष सानातिना विद्रोह, हडताल र कहिले खुला विद्रोहको रूपमा निरन्तर संघर्ष गर्छ तर सत्ताधारी वर्गको खटनपटनमा राज्यसत्ता चल्छ । सधैं आधारभूत उत्पादनका साधन स्रोतहरूमाथि आफ्नो निर्विघ्न स्वामित्व कायम राख्न नियम, कानून, विधि विधान, न्यायिक संरचना, धार्मिक र वैचारिक हतियारसहित यसको प्रतिरोधमा उभिन्छ । श्रमिक वर्ग र शासक वर्ग परस्पर दुईटा शत्रुतापूर्ण विरोधी खेमामा उभिन्छ । यो वर्गसंघर्ष कहिले विद्रोह त कहिले वर्गसंघर्षका अन्य विविध रूपमा चलिरहन्छ ।

वर्गीय सङ्घर्षको दृष्टिकोणमा केन्द्रित भई अहिलेसम्म कृष्णप्रसाद सर्वहाराका कथाहरूको विश्लेषण गरिएको पाइँदैन । यही परिप्रेक्ष्यमा सांस्कृतिक अध्ययनअन्तर्गत निम्नवर्गीय सङ्घर्षको अवधारणालाई आधार बनाएर सर्वहाराका कथाहरूको वस्तुगत विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यो लेख अनुसन्धानका हिसाबले औचित्यपूर्ण देखिन्छ । वर्गीय सङ्घर्षको मान्यताअनुसार सर्वहाराका कथाहरूको विश्लेषण नहुनु एउटा उल्लेखनीय कमीको रूपमा रहेको देखिन्छ । यसरी सर्वहाराका कथाहरूमा निम्नवर्गीय सङ्घर्ष केकसरी अभिव्यक्त भएको छ भन्ने विषयलाई विश्लेषण गरी निष्कर्षमा पुगिने भएकाले यस लेखको प्राज्ञिक महत्त्व पुष्टि हुन्छ ।

## विधि र सामग्री

कृष्णप्रसाद सर्वहाराका 'घलेको आँशु', 'ऊ रुन थाल्यो' र 'तोर्मे' कथामा रहेको वर्गीय सङ्घर्षलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो । प्रस्तुत अध्ययन पूर्णतः साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । त्यसमध्ये कृष्णप्रसाद सर्वहाराका दुई छेस्का सलाई (२०१२) र दर्बारकी केटी (२०१८) गरी दुईवटा कथासङ्ग्रह प्राथमिक स्रोतको सामग्रीका रूपमा र वर्गसङ्घर्षसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्री स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने वर्गसम्बन्धी माक्र्स र एङ्गेल्स तथा लेनिनलगायतका अवधारणाहरू हुन् । वर्गसङ्घर्षअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि सत्ता, शक्ति वा विचारधाराका माध्यमबाट शक्तिशाली, उत्पीडनकारी, सामन्ती उच्चवर्गले निम्नजवर्गका जनतामाथि दमन र उत्पीडन गर्ने काम गर्छ । समग्र मानव

जातिको इतिहास नै वर्गसङ्घर्षको इतिहास भएकाले समाजमा धनी, गरिब तथा शोषक र शोषित वर्गको अस्तित्व मेटिने देखिँदैन । पुँजीवादी राज्य÷समाजमा उत्पीडक वर्ग÷पुँजीपति÷उच्चवर्ग÷सामन्त वर्गको अधिनायकत्वमा निम्नवर्ग सर्वहारा वर्गमाथि विभेद र दमन गर्ने काम गर्दछ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा वर्गसङ्घर्षसम्बन्धी मान्यताका आधारमा सर्वहाराका कथाको वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

वर्ग शब्दको उत्पत्ति श्रमविभाजनसँगै भएको हो भन्ने विचार कार्ल माक्र्सले राखेका

छन् । निजी स्वामित्वका कारण समाजमा वर्गविभाजनको उदय भयो । यही आर्थिक सम्बन्धले वर्ग शब्दको जन्मको आधार प्राप्त ग¥यो । वर्ग सामान्यतः सामाजिक जीवनको आभारभूत एकाइ हो

(कारचेदी, सन् १९९९, पृ. ९७) । यसरी माक्र्सवादी अध्ययनका दृष्टिमा वर्गले सामाजिक आर्थिक वर्गलाई बुझाउँछ । समाजमा विभिन्न वर्गका बीच अन्तर्विरोध पैदा हुन्छन् । त्यस्ता अन्तर्विरोध शत्रुतापूर्ण र मित्रतापूर्ण व्यवहारबाट उद्घाटित हुन्छन् । अन्तर्विरोधको समाधान चाहिँ मित्रतापूर्ण व्यवहारबाट हुन्छ तर शत्रुतापूर्ण व्यवहारबाट भने हुँदैन । त्यसैले शत्रु वर्गहरूका बीचमा द्वन्द्व वा सङ्घर्ष हुन्छ । आ–आफ्नो वर्गीय हितका निम्ति एकअर्काका विरोधी वर्गहरूका बीच हुने द्वन्द्व वा सङ्घर्षलाई वर्गसङ्घर्ष भनिन्छ (भुसाल, २०६८, पृ. ४५१) । वर्गीय सङ्घर्षका अनेक रूप हुन्छन् । वैधानिक तथा अवैधानिक, शान्तिपूर्ण तथा सशस्त्र, संसदीय तथा गैरसंसदीय आदि । वर्गीय हितका निम्ति राज्यसत्ता कब्जा गर्ने सङ्घर्ष वर्गसङ्घर्षको सर्वोच्च रूप हो (भुसाल, २०६८, पृ. ४५२) । आजसम्मको सम्पूर्ण सामाजिक जीवनको इतिहास वर्गसङ्घर्षको इतिहास हो । स्वतन्त्र मानिस र दास, अभिजात वर्ग र साधारण जनता, सामन्त र किसान, उद्योगपति र मजदुर, शोषक र शोषित सदैव एकअर्काका विरुद्ध कहिले खुलेर र कहिले नखुलेर÷लुकेर निरन्तर युद्ध गरिरहन्छन् (माक्र्स र एङ्गेल्स, सन् १९४८, पृ. ५२) । दास युगमा दासमालिक र दास, सामन्ती युगमा सामन्त र किसान वा भूदास तथा पुँजीवादी युगमा पुँजीपति र मजदुरबीच निरन्तर सङ्घर्ष हुँदै आएको छ । वर्गहरू मानिसका त्यस्ता समूह हुन्, जसमा सामाजिक अर्थतन्त्रको निश्चित व्यवस्था तिनले ओगटेका फरकफरक स्थानले गर्दा एउटाले अर्कोको श्रमको अपहरण गर्न सक्छ (लेनिन, सन् १९८५, पृ. ४४१) । आदिम अवस्थामा उत्पादनका साधनमाथि कसैको स्वामित्व नभएकाले त्यस युगमा वर्ग र वर्गसङ्घर्ष थिएन तर त्यसपछि उत्पादनका साधनमाथि वर्गविशेषको स्वामित्वका कारण वर्गको प्रादुर्भाव भई वर्गसङ्घर्ष प्रबल भएको हो । जबसम्म वर्ग रहन्छ तबसम्म वर्गसङ्घर्ष भइरहन्छ । सर्वहाराको अधिनायकत्व कायम भई अवशिष्ट पुँजीपति वर्गको समूल विनाश गरेपछिमात्र समाज वर्गविहीनताको

अवस्थामा पुग्छ र सङ्घर्ष समाप्त हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. १४८)। यसरी सर्वहारा वर्गको सामन्तप्रतिको विरोध वर्गसङ्घर्ष हो।

सामन्त तथा पुँजीपति वा साहु वर्गको शोषण, दमन र उत्पीडनका विरुद्धमा सर्वसाधारण मजदुर, कुल्ली, ज्यामी, भरिया तथा सर्वहारा वर्गको सशक्त सङ्घर्ष नै वर्गसङ्घर्षको स्वरूप हो। वर्ग विभक्त समाजमा देखापर्ने शत्रुतापूर्ण अन्तर्विरोधको समाधान वर्गसङ्घर्षले गर्छ भने क्रान्तिको केन्द्रीय आधारको निर्माणमा पनि वर्गसङ्घर्ष निर्णायक हुन्छ (भट्टराई, २०७७, पृ.९१)। वर्गसङ्घर्षले निम्नवर्गको आर्थिक, सामाजिक, राजनैतिक तथा दैनिक जीवनशैलीमा मात्र सुधार ल्याउँदैन, उनीहरूको हक र अधिकार प्राप्तिको ढोकासमेत खोल्दछ। उच्चवर्गबाट सधैँ दमन र शोषणमा परेपछि र निम्नवर्गमा चेतना आएपछि आफ्नो हितका लागि निम्नवर्ग सङ्घर्षका लागि तयार हुन्छ। वर्गसङ्घर्षले समाज विकासलाई मुख्य आधार बनाउँछ र सामन्ती शोषणलाई उद्घाटित गर्दछ। पुँजीवादी राज्य÷समाजमा उत्पीडक वर्ग पुँजीपति उच्चवर्ग वा सामन्त वर्गको अधिनायकत्वमा निम्नवर्ग वा सर्वहारा वर्गमाथि विभेद र दमन गर्ने काम गर्दछ (किरण, २०६७, पृ. २००)। वर्गीय समाज रहुन्जेल वर्गविभेद, दमन र शोषणको अवस्था रहिरहन्छ भन्ने माक्र्सवादको धारणा रहेको छ। पुँजीवादी समाजमा मजदुरहरूको अवस्था अत्यन्त दयनीय हुन्छ। उनीहरूलाई उच्चवर्गले आफ्नो स्वतन्त्रताको उपयोग हुन नदिएर सधैँ दमनमा राखेको हुन्छ। वर्गीय समाजमा सत्तामा प्रायः हुनेखाने वर्गकै हालीमुहाली हुन्छ। पुँजीवादी समाज शोषणमा आधारित वर्गीय समाज भएकाले त्यस समाजमा सधैँ निम्नवर्ग र सर्वहारा वर्ग उत्पीडनमा परेको पाइन्छ (रेग्मी, २०६०, पृ. ९६)। उनीहरू बिहानबेलुका हातमुख जोर्न समर्थ हुँदैनन्। उनीहरूलाई दिनरात काममा लगाएर सामन्तहरूले स्वार्थअनुरूप फाइदा लिइरहेका हुन्छन्। यसरी जीवन सहज रूपमा चलाउन नपाएर, खानलाउन नपाएर, परिवार पाल्न नसकेर, हेपिएर र शोषणदमनमा परेर निम्नवर्ग आफ्नो वर्गको हित गर्नका लागि वर्गसङ्घर्षका लागि तयार हुन्छ। निजी स्वामित्व भएको वर्गीय समाजमा दुई परस्पर विरोधी वर्गहरूका बीच सङ्घर्ष हुँदै आएको छ र यो सङ्घर्षको फलस्वरूप समाजले एक अवस्थाबाट अर्को अवस्थामा सङ्क्रमण गरेको छ। दासमालिक र दासवर्गबीचको सङ्घर्षले दास युग सामन्ती युगमा प्रवेश ग¥यो भने सामन्त र किसानबीचको सङ्घर्षले सामन्तवादी समाजलाई पुँजीवादी समाजमा फेर्यो। पुँजीवादी समाजमा पनि पुँजीपति र मजदुर वर्गबीच भइरहेको सङ्घर्षले यसलाई अर्को नयाँ व्यवस्था समाजवादमा बदल्ने कुरा निश्चित छ (रेग्मी, २०६०, पृ. १०९)। यसप्रकार अत्यन्तै शोषण र दमनमा परेपछि र गाँस, बास र कपासको व्यवस्था नभएपछि आफ्नो वर्गीय हितका लागि निम्नवर्ग वा वर्गसमूह सङ्घर्षका लागि तयार हुने गर्दछ।

यसप्रकार वर्ग अवधारणाको उत्पत्ति श्रमको विभाजनसँग सम्बन्धित रहेको देखिन्छ। वर्गीयताअन्तर्गत समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र

उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ (ब्रेट्ली, सन् १९९६, पृ. २२१)। निजी स्वामित्वको विकाससँगै समाजमा वर्गीय विभाजनको आरम्भ भएको मानिन्छ। वर्गले विशेषगरी सामाजिक–आर्थिक समूहलाई जनाउँछ। समाजमा विभिन्न वर्गहरूबीच द्वन्द्व तथा अन्तर्विरोध उत्पन्न हुने गर्छन्, जुन मित्रतापूर्ण वा शत्रुतापूर्ण व्यवहारमार्फत अभिव्यक्त हुन्छन्। आफ्ना वर्गीय स्वार्थका लागि परस्पर विरोधी वर्गहरूबीच हुने द्वन्द्वलाई नै वर्गसङ्घर्ष भनिन्छ। वर्गसङ्घर्ष कानुनी वा गैरकानुनी, शान्तिपूर्ण वा सशस्त्र, संसदीय वा गैरसंसदीय जस्ता विभिन्न स्वरूपमा देखा पर्न सक्छ। स्वतन्त्र व्यक्ति र दास, अभिजात वर्ग र सर्वसाधारण, सामन्त र किसान, उद्योगपति र मजदुर, शोषक र शोषितबीच सधैँ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संघर्ष जारी रहँदै आएको छ। दासयुगमा दासमालिक र दासबीच, सामन्ती युगमा सामन्त र किसानबीच, तथा पुँजीवादी युगमा पुँजीपति र मजदुरबीच निरन्तर संघर्ष हुँदै आएको छ। सामन्त तथा पुँजीपति वर्गद्वारा गरिने शोषण, दमन र उत्पीडनविरुद्ध मजदुर, कुल्ली, ज्यामी, भरिया तथा सर्वहारा वर्गद्वारा गरिने सशक्त प्रतिरोध नै वर्गसङ्घर्षको वास्तविक रूप हो। वर्गीय समाजमा देखापर्ने शत्रुतापूर्ण द्वन्द्वहरूको समाधान वर्गसङ्घर्षमार्फत सम्भव हुन्छ र यसले क्रान्तिको आधार निर्माणमा पनि निर्णायक भूमिका खेल्छ। यस संघर्षले निम्नवर्गको आर्थिक, सामाजिक, राजनीतिक तथा दैनिक जीवनमा सुधार ल्याउनुका साथै अधिकार प्राप्तिको मार्गसमेत प्रशस्त गर्छ। वर्गीय समाजमा सत्तामा प्रायः सम्पन्न वर्गकै वर्चस्व रहने गर्छ। पुँजीवादी व्यवस्था शोषणमा आधारित भएकाले निम्नवर्ग र सर्वहारा वर्ग सधैँ पीडित रहन्छन्। उनीहरूको जीवनयापन कष्टकर हुन्छ—आधारभूत आवश्यकतासमेत पूरा गर्न कठिन हुन्छ। सामन्त तथा पुँजीपतिहरूले उनीहरूबाट निरन्तर श्रम लिई आफ्ना स्वार्थ पूरा गरिरहेका हुन्छन्। यस्तो विषम परिस्थितिका कारण निम्नवर्ग आफ्ना हितका लागि संघर्षमा संलग्न हुन बाध्य हुन्छ। यसरी अत्यधिक शोषण, दमन तथा आधारभूत आवश्यकताबाट वञ्चित भएपछि निम्नवर्ग आफ्ना वर्गीय अधिकार र हितको रक्षा गर्न वर्गसङ्घर्षमा सक्रिय रूपमा सहभागी हुन्छ। यस अध्ययनमा वर्गसङ्घर्षका उल्लिखित आधारहरूलाई दृष्टिगत गरी सामाजिक यथार्थवादी कथाकार सर्वहाराका कथामा प्रस्तुत वर्गसङ्घर्षको स्वरूप र अवस्थाको विश्लेषण गरिएको छ।

## छलफल र परिणाम

प्रस्तुत लेखमा गरिब तथा निमुखाहरूलाई कसरी उच्चवर्गीय सामन्तको आडमा अधीनस्थ बनाई प्रभुत्व कायम गरिन्छ भन्ने विषयलाई प्रस्तुत गरिएको छ। सर्वहाराका कथामा धनी र गरिबबीच असमानता र अस्तित्वको समस्या हाम्रो समाजमा कायमै छ र विभिन्न बहानामा निम्नवर्गलाई अधीनस्थ बनाई उच्चवर्गले शोषण गरिरहेको छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ। तत्कालीन समाजमा विद्यमान यस्ता प्रवृत्ति अन्त्यका लागि निम्नवर्ग स्वयम्ले सशक्त रूपमा आवाज उठाउनुपर्ने विचार उनका कथामा प्रस्तुत गरिएको छ। सर्वहाराका कथामा तत्कालीन सामन्तवादी सामाजिक संरचनामा उत्पीडित तथा निम्नवर्ग सचेत

हुँदाहुँदै पनि सामन्तवादी दमनात्मक चिन्तन हावी भएको, गरिब वर्ग सामन्त र धनीमानी वर्गको हिंसा र अत्याचारमा पर्नुपरेको, समाजमा निम्नवर्ग तथा सीमान्तहरूको कुनै स्वतन्त्र अस्तित्व नभएको, समाज र सामाजिक संरचना न्यायपूर्ण बन्न नसकेकाका कारण धनीबाट गरिबवर्ग थप अत्याचार, विभेद र उत्पीडनमा पर्ने गरेको तथ्य प्रस्तुत छ । तत्कालीन सामन्तवादी दमनात्मक सोच र प्रभुत्व कायम भएको सामाजिक संरचनामा निमुखाहरूले विभिन्न कठिनाइ र दुःखपीडा भोगिरहे पनि आफ्नो अस्तित्वरक्षाका लागि साथै आफ्नो जीवनको सारतŒव प्राप्त गर्नका लागि निम्नवर्गहरू आफैँले धनीमानी र सामन्तहरूका विरुद्ध विद्रोह गर्नुपर्ने विचार यी कथामा प्रस्तुत गरिएको छ । यस लेखमा सर्वहाराका छनोट गरिएका कथामा निम्नवर्गीय सङ्घर्ष शीर्षकअन्तर्गत सामन्त र मजदुरबीचको सङ्घर्ष, उच्च्वर्गविरुद्ध निम्नवर्गीय सङ्घर्ष र सांस्कृतिक मूल्य र वर्गसङ्घर्ष गरी तीन छुट्टाछुट्टै उपशीर्षकमा रहेर विश्लेषण गरिएको छ ।

## सर्वहाराका कथामा निहित वर्गीय सङ्घर्षका स्वरूप

प्रस्तुत लेखमा तत्कालीन विमर्शात्मक संरचनायुक्त सामन्ती समाजमा कुनै पनि शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ उत्पीडित निम्नवर्गीय समुदायको प्रतिनिधित्व गराइएको छ । यस लेखमा सोद्देश्य नमुना छनोट गरिएका सर्वहाराका कथामा निहित सामन्त र मजदुरबीचको सङ्घर्ष, उच्च्वर्गविरुद्ध निम्नवर्गीय सङ्घर्ष र सांस्कृतिक मूल्य र वर्गसङ्घर्ष गरी तीन छुट्टाछुट्टै उपशीर्षकमा रहेर विश्लेषण गरिएको छ ।

### *सामन्त र मजदुरबीचको सङ्घर्ष*

नेपालको तत्कालीन सामन्ती संरचनायुक्त समाजमा उच्चवर्ग भनिएका समूहहरूले निम्नवर्ग भनिएका मानिसहरूलाई जीवनका विविध आयामबाट बहिष्कृत, तिरस्कृत, उपेक्षित, अपमानित तथा शोषित बनाएको अवस्था देखिन्छ । कथित उच्चवर्गले आफ्नो हैकम, प्रभाव र अधीनस्थता कायम राख्दै निम्नवर्ग भनिएकामाथि प्रभुत्व जमाएर स्वार्थसिद्धि गर्नु त्यतिबेलाको सामाजिक प्रवृत्ति बनेको देखिन्छ । ‘घलेको आँशु’ कथा यही सामाजिक यथार्थलाई उजागर गर्ने महत्वपूर्ण रचनाकृति हो । यस कथाले तत्कालीन समाजमा निम्नवर्गीय मानिसमाथि हुने उच्चवर्गीय उत्पीडनलाई केन्द्रीय विषय बनाएको देखिन्छ । यस कथामा २०१७ सालपूर्वको नेपाली समाजमा विद्यमान आर्थिक असमानता र वर्गीय विभाजनलाई जीवन्त रूपमा चित्रण गरिएको छ । यस कथामा तत्कालीन समाजमा उत्पादनका साधन र उत्पादित वस्तुको असमान स्वामित्व तथा वितरण नै वर्गीय भिन्नताको मूल कारणका रूपमा प्रस्तुत गरिएको छ । आर्थिक असमानताबाटै वर्गको निर्माण हुने र प्रत्येक वर्गले आफ्नै वर्गीय हितलाई प्राथमिकता दिने प्रवृत्ति यस कथामा स्पष्ट रूपमा देखाइएको छ । यस कथामा साहु काहिँला बाजेले निम्नवर्गीय घले दम्पतीजस्ता श्रमिकलाई आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग गर्दै घले–भ्याङ्ली दम्पतीमाथि दमन, शोषण र अन्याय गरेको

कुराको चित्रण गरिएको छ । यसले तत्कालीन सामन्तवादी नेपाली समाजका वर्गीय संरचनाका विविध पक्षहरूलाई उद्घाटित गरेको देखिन्छ । उत्पादनका साधनमाथि एकाधिकार कायम गरेर कथित उच्चवर्गले कथित निम्नवर्गमाथि आफ्नो वर्चस्व स्थापित गरेको सन्दर्भ यस कथामा स्पष्ट रूपमा अभिव्यक्त भएको छ । यस कथामा कथित सामन्त काहिँला बाजेको अत्याचारविरुद्ध प्रत्यक्ष संघर्ष गर्ने अवस्था निम्नवर्गीय घले दम्पतीमा देखिँदैन । गरिब घले र भ्याङ्लीका मनभित्र भने सामन्तका विरुद्ध भित्रभित्रै द्वन्द्व, असन्तोष र विद्रोही चेतनाको विकास भएको संकेत पाइन्छ, जसले वर्गीय अन्तर्विरोधको आन्तरिक रूपलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । यस कथामा आफूले काम गरेको ज्याला नपाएपछि साहुप्रतिको आक्रोश प्रकट गर्दै घले विनम्रतापूर्वक भन्छ :

यस्तो रीस–ईवी लिएर साटो फेर्ने कोशिश नगर्नु होस् न हामी गरिब गुरुवामाथि । चारोटा रुपैयाँसम्म त कुनै हिसावले बक्सिनै पर्छ– तिरी हालुला नि दाउरा बेचेर । हजुरहरुको निगाहले अहिलेसम्म कसैको चार–पैसा खाएको छैन । म वन गाको बेला परेछ, नत्र म तेल्लाई किन छोड्न दिन्थे होला र । त्यसको अलि काँठे मिजास भएकाले अलि कुरा बुझ्दिन । तर जे भए पनि बाजे ! अहिलेलाई भने त जस्सरी हुन्छ मिलाई दिन पर्यो । सोझो मान्छे, भरसक्ये अन्त पाएसम्म बाजे लाई किन दुःख दिने भन्ने सम्झेको थिएँ, तर अब धर नपाइने भैयो (२०१२, पृ. ५) ।

प्रस्तुत कथांशमा आर्थिक शोषणमार्फत आफ्नो प्रभुत्व कायम गर्ने सामन्ती संरचनामा संलग्न काहिँला बाजेप्रति घलेको मनमा भित्रभित्रै आक्रोश र घृणाको भावना विकसित हुँदै गएको देखिन्छ । निम्नवर्गीय पात्र घले आफूले गरेको श्रमको ज्याला माग्दा पनि साहुसँग प्रत्यक्ष रूपमा असन्तोष व्यक्त गर्न नसकेर र पैसा पाइने आशाले ऊ आफ्नो रिस दबाएर बस्न बाध्य हुन्छ । यही दमनित भावनाले गर्दा उसले आफ्नो आक्रोश पत्नीतर्फ मोड्दै उनलाई ‘काँठे’ र ‘नजान्ने’ भनेर अपमानित गरेको देखिन्छ । यस कथामा उच्चवर्गीय सामन्त पात्र काहिँला बाजे र निम्नवर्गीय पात्र घले–भ्याङ्ली दम्पतीबीचको वर्गीय अन्तर्विरोध स्पष्ट रूपमा उजागर गरिएको छ । यहाँ तत्कालीन सामन्ती उत्पादन सम्बन्धमा आधारित सामाजिक संरचनाका कारण वर्गविभाजन र वर्गीय उत्पीडन तीव्र रूपमा विद्यमान देखिन्छ । यस कथामा  आर्थिक रूपमा कमजोर र निम्नवर्गीय पात्रहरू सामाजिक तथा स्थानीय तहमा उपेक्षा र अन्यायको सिकार भएको देखाइएको छ । यस कथामा उच्च र निम्नवर्गीय पात्रमा बाह्य रूपमा खुला संघर्ष देखिँदैन तर उक्त पात्रहरूको अन्तरात्मामा गहिरो द्वन्द्व र मानसिक तनाव उत्पन्न भएको पाइन्छ । यहाँ घले दम्पती र काहिँला बाजेबीचको सम्बन्ध शोषण, प्रभुत्व र दमनमा आधारित रहेको देखिन्छ, जसले वर्गीय असमानतालाई प्रस्ट पार्छ । यस कथाले सामन्ती समाजमा उच्चवर्गको वर्चस्व र निम्नवर्गको निरीह अवस्थालाई यथार्थपरक ढङ्गले चित्रण गरेको देखिन्छ । यस कथामा कथित निम्नवर्गीय घले दम्पती उच्चवर्गीय साहु काहिँला बाजेको नियन्त्रण र प्रभुत्वमा उत्पीडित र विवश जीवन बिताउन बाध्य छन् । काहिँला बाजेले उनीहरूलाई उचित पारिश्रमिक

नदिई आफ्नो घरायसी काममा संलग्न गराएर श्रमको शोषण गरेको अवस्था यस कथामा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ।

'तोर्मे' कथामा तत्कालीन वर्गीय संरचनायुक्त नेपाली समाजमा उच्चवर्ग र निम्नवर्गबीच विद्यमान आर्थिक, सामाजिक तथा मानसिक द्वन्द्वलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ। यस कथामा वर्चस्वशाली उच्चवर्ग र निम्नवर्गबीचको सम्बन्ध दमन, थिचोमिचो र शोषणमा आधारित देखिन्छ भने निम्नवर्गको पक्षको सम्बन्धमा भने शोषित, दमित र उत्पीडित अवस्थाबाट उत्पन्न आन्तरिक मनोद्वन्द्व अभिव्यक्त भएको छ। यस कथामा घटनाक्रम, व्यवहार र क्रियाकलापको केन्द्रमा कथित उच्चवर्गीय जिम्वाल र निम्नवर्गीय तोर्मेबीचको वर्गीय अन्तर्विरोध रहेको देखाइएको छ। उच्चवर्गीय जिम्वालको घरमा गोठालो बनेर बस्न पुगेको तोर्मेको सबै पुख्यौली सम्पत्ति जिम्वालले हडपेको छ, जसका कारण ऊ सुकुम्बासी बन्न पुगेको देखिन्छ। साहुको घरमा नाङ्गै, भोकैप्यासै दिनरात दाससरह श्रम गर्दा पनि एक छाक खान र शरीर ढाक्ने लुगासमेत नपाउने अवस्थाले तोर्मेको मनमा गहिरो असन्तोष र आन्तरिक विद्रोह जन्माएको देखिन्छ। "घरखेत नहुने मोरालाई कसले वास्ता गर्छ र! काम दिउन्जेल त हुन् नि यी असत्तीका पिशाचहरूले तोर्मे भनेर माया गरिटोपल्याजस्तो गर्ने... यो चितुवा डिलघरे जिम्वालले दौरासुरुवाल हालिदिउँला भनेर लोभ देखायो मात्रै" (पृ. २५) भन्ने अभिव्यक्तिबाट जिम्वालप्रति उसको तीव्र आक्रोश र असन्तुष्टि प्रकट भएको छ। यसले निम्नवर्गीय पात्र तोर्मेको चेतनामा उच्चवर्गीय अन्यायविरुद्धको द्वन्द्व गहिरिँदै गएको देखाउँछ। उसमा सामन्तको शोषणविरोधी चेतनाको स्पष्ट विकास भएको संकेत यहाँ पाइन्छ तर तत्कालीन सामन्तवादी विमर्हात्मक संरचना र सामाजिक व्यवहारका कारण उसको यस्तो आन्तरिक विद्रोहले प्रत्यक्ष संघर्ष वा परिवर्तनकारी रूप लिन सकेको अवस्था देखिँदैन। यसरी यस कथाले निम्नवर्गले भोग्नुपरेका दुःख, पीडा, अभाव र सास्तीलाई अत्यन्त मार्मिक र यथार्थपरक ढङ्गले प्रस्तुत गरेको छ। यस कथाले वर्गीय असमानताको कठोर यथार्थलाई उजागर मार्मिक रूपले उजागर गरेको देखिन्छ।

'ऊ रुन थाल्यो' कथामा तत्कालीन नेपाली ग्रामीण समाजमा व्याप्त चरम वर्गीय तथा जातीय शोषण र उत्पीडनलाई प्रभावकारी ढङ्गले चित्रण गरिएको छ। यस कथामा तल्लो जाति तथा निम्नवर्ग मानिने दलित (दमाईँ) समुदायमाथि उच्चजाति तथा उच्चवर्गको रूपमा स्थापित ब्राह्मण समुदायको प्रभुत्व र अधीनस्थता स्पष्ट रूपमा देखिन्छ। यस कथामा तत्कालीन विभेदयुक्त सामाजिक विमर्शात्मक संरचनामा निम्नवर्गीय र निम्नजातीय व्यक्तिहरू न्युनतम मानवीय सम्मान र व्यवहारबाट समेत वञ्चित भएको देखाइएको छ। "तँलाई त यस्तै गरी सधैँ नछयाँसी रहे एकदम सुलीको टुप्पामा पुगी हाल्छस्" (पृ. १४) भन्ने अभिव्यक्ति र कथ्यसन्दर्भमार्फत कथित उच्चवर्गीय ब्राह्मण कृष्णहरिले कथित निम्नवर्गीय हर्कमान दमाईँमाथि पूर्ण नियन्त्रण र अधीनस्थता कायम गरेको देखिन्छ। यसबाट सामन्तबाट हर्कमान केवल शारीरिक मात्र होइन मानसिक रूपमा पनि शोषण र दमनको सिकार बनेको स्पष्ट भएको देखिन्छ।

तत्कालीन सामन्तवादी वर्चस्वका कारण नै उसले सामन्तविरुद्ध कुनै प्रतिवाद गर्न नसक्ने अवस्थालाई यस कथामार्फत उजागर गरिएको छ । यस कथामा उच्चवर्गीय सोच केवल ब्राह्मण पात्रमा मात्र सीमित नभई निम्नवर्गीय पात्र हर्कमानमा पनि आन्तरिकीकृत भएको देखिन्छ । दीर्घकालीन सामन्तवादी संरचनाले निर्माण गरेको यही विचारधाराले गरिब हर्कमानलाई जीवनभर प्रभावित बनाएको छ । यस कथामा प्रस्तुत "हजुरहरूकै तपस्या र प्रतापले अहिलेसम्म खाँदै छु" (पृ. १२) भन्ने उसको कथनमा नै उसको दास मानसिकता र उच्चवर्गप्रतिको आत्मसमर्पणभाव झल्किएको देखिन्छ । यस कथामा सामाजिक रूपमा प्रचलित भाषिक प्रयोगमार्फत पनि समाजमा विद्यमान वर्गीय तथा जातीय विभेद स्पष्ट रूपमा देखाइएको छ । निम्नवर्गीय पात्र हर्कमानले ब्राह्मणप्रति 'बिष्ट', 'धर्मअवतार', 'दयासागर', 'प्रभो', 'हजुर', 'ख्वामित' जस्ता सम्मानसूचक शब्दहरू प्रयोग गरेको छ भने उच्चवर्गीय ब्राह्मण पात्रले 'डुमरा', 'नाथे', 'जैरे', 'साइँदुवा', 'पाजी' जस्ता अपमानजनक र तिरस्कारपूर्ण शब्दहरू प्रयोग गरेर तीव्र शोषण गरेको छ । यसले भाषिक स्तरमै विभेद, असमानता र शोषणको अवस्थालाई उजागर गरेको पाइन्छ ।

'ऊ रुन थाल्यो' कथामा उच्चवर्गीय पात्र पण्डित कृष्णहरिले निम्नवर्गीय पात्र हर्कमानमाथि केवल गालीगलौज मात्र नगरी शारीरिक तथा मानसिक यातनासमेत दिएको चित्रण गरिएको छ । कथित सामन्तले आफ्नो परिवारको कपडा सिलाउन बोलाउँदा ढिलो आएको निहुँमा उसलाई अपमानित र पीडित बनाइएको छ । यति हुँदाहुँदै पनि हर्कमानले कुनै प्रतिवाद गर्न नसक्नु तत्कालीन सामन्तवादी समाजको कठोर यथार्थ हो, जहाँ उच्चवर्ग प्रभुत्वशाली र निम्नवर्ग अधीनस्थ अवस्थामा बाँधिएका हुन्छन् । यसरी यस कथाले सामाजिक वर्गलाई नै शक्तिको मूल स्रोत मानेर कथित उच्चवर्गले कथित निम्नवर्गमाथि गरेको दमन, शोषण र उत्पीडनलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । तत्कालीन सामन्तवादी सामाजिक संरचनामा निम्नवर्गीय मानिसहरू उच्चवर्गका सेवकजस्तै व्यवहार गर्न बाध्य थिए र बिनाकारण पनि उनीहरूले दुव्र्यवहार सहनुपरेको तीतो यथार्थ यहाँ मार्मिक रूपमा चित्रण भएको छ । यसरी कथित वर्चस्वशाली ब्राह्मण पात्र कृष्णहरिले शोषक वर्गको प्रतिनिधित्व गरेको छ भने गरिब हर्कमान दमाईँले शक्तिहीन र शोषित निम्नवर्गीय पात्रको प्रतिनिधित्व गरेको छ । यस कथामा उनीहरूबीचको व्यवहार, सम्बन्ध र क्रियाकलापले तत्कालीन समाजमा प्रचलित उच्चनिम्न वर्गीय तथा उच्चनिम्न जातीय संरचना र त्यससँग जोडिएको असमानताको वास्तविक चित्र स्पष्ट रूपमा प्रस्तुत गरेको देखिन्छ ।

### *उच्चवर्गविरुद्ध निम्नवर्गीय सङ्घर्ष*

नेपालका ग्रामीण तथा सहरिया समाजमा विद्यमान तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनाअन्तर्गत कथित उच्चवर्गद्वारा निम्नवर्ग भनिएका मानिसहरू वा समुदायहरू जीवनका प्रायः सबै क्षेत्रमा तिरस्कृत, उपेक्षित, अपमानित र शोषित बनाइएको अवस्था देखिन्छ । उक्त समयको समाजमा कथित उच्चवर्गले

आफ्नो प्रभुत्व र वर्चस्व कायम राख्दै निम्नवर्गमाथि नियन्त्रण गरेर आफ्ना स्वार्थहरू पूरा गर्ने प्रवृत्ति व्यापक रूपमा स्थापित थियो । 'घलेको आँशु' कथामा यस्तै सामन्तवादी संरचनाका कारण निम्नवर्गीय मानिसहरूले भोग्नुपरेका दुःख, पीडा र सास्तीलाई यथार्थपरक ढङ्गले चित्रण गरिएको छ । यस कथामा कथित उच्चवर्गीय पात्र काहिँला बाजेको उत्पीडन सहँदै आएको निम्नवर्गीय पात्र घलेमा क्रमशः विद्रोह र संघर्षको चेतनाको विकास भएको देखिन्छ । घलेकी पत्नी भ्याङ्लीले तीन महिनासम्म गरेको श्रमको ज्याला माग्दा काहिँला बाजेले उल्टै आरोप लगाउँदै "काम छाडेर भागेकीलाई म पैसा दिन्न" (पृ. ९) भनी अस्वीकार गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । गरिब घलेले बारम्बार अनुरोध र विनय गर्दा पनि बाजेले अपमानजनक शब्द प्रयोग गर्दै उसलाई खाली हात फर्काएको देखिन्छ । काहिँला बाजेको यस्तो हेपाहा, अन्यायपूर्ण र अमानवीय व्यवहारले घलेको मनमा गहिरो असन्तोष र आक्रोश जन्माएको छ । अन्ततः यही व्यवहारले उसमा साहुविरुद्ध आन्तरिक द्वन्द्व र प्रतिरोधको भावना विकास भएको देखिन्छ, जसले वर्गीय अन्तर्विरोधको तीव्रतालाई प्रस्ट रूपमा उजागर गरेको देखिन्छ । यस कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

त्यसबेला काहिँला बाजेलाई छयाक्छयाक् पारेर काँचै चोक्टा चपाएर खाऊँ जस्तो यसलाई भयो । मनमनै कति थुक्यो । देउदेउतासँग हे परमेश्वर यो मोरो अपराधी मेरी स्वास्नीले ३ महिनाको पसिनासमेत पचाउने काहिँला बाहुन सातै दिनमा भुतुक्क भएको देख्न पाऊँ भनेर अनेक थरिको भाकल राख्दै सराप्नसम्म सराप्यो । हे परमेश्वर, यदि तिमी साँच्चैको हौ भने यो गरिबमाराको भस्म–खरानी भएको चाँडै देख्न पाँऊँ भनेर अनेक मन्त्र पनि जप्यो । (२०१२, पृ. ७–८)

प्रस्तुत कथांशमा काहिँला बाजेको उत्पीडनविरुद्ध प्रकट र अप्रकट रूपमै भए पनि घलेमा द्वन्द्वको विचार प्रकट भएको देखिन्छ । यस कथामा निम्नवर्गले बाह्य रूपमा साहुसँग सङ्घर्ष गर्न सक्ने अवस्था देखिँदैन तर भित्रभित्रै उनीहरूमा ऊविरुद्धको व्याप्त चेतना सबल बन्दै गइरहेको तथ्य स्पष्ट हुन्छ । यहाँ उच्चवर्गीय शोषण, दमन र ज्यादती आपूmहरूमाथि भएको बोध गर्न सक्नु घलेमा आएको सञ्चेतना हो ।

'घलेको आँशु' कथामा उच्चवर्गीय पात्र काहिँला बाजेको दमन र दलनबाट मुक्तिको आकाङ्क्षा राख्ने भावना घलेमा पलाएको छ तर तत्कालीन सामन्तवादी उत्पादन सम्बन्धबाट सिर्जित संस्कार र वर्चस्वका कारण ऊ दमित छ र उसले आफ्नो विद्रोही विचार साहुका सामु बाहिर प्रकट गर्न सकेको छैन । यसरी सङ्गठित रूपमा नै सङ्घर्ष गरेर सामन्तविरुद्ध प्रतिरोध गर्न नसके तापनि उच्चवर्गको उत्पीडन बुझेर त्यसका विरुद्ध तीव्र घृणा, आक्रोश र विद्रोह भाव व्यक्त गर्नु घले र भ्याङ्लीमा पलाएको वर्गसङ्घर्षको चेतना हो । साहुको उत्पीडनबाट भुक्तमान घले र भ्याङ्ली प्रायः सबै निम्नवर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् । यहाँ उनीहरूले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् ।

'तोर्मे' कथामा सामन्त जिम्वालका गोरु जोगाएको बदलामा पाउनुपर्ने सर्तका दौरासुरुवाल नपाएपछि तोर्मे जिम्वालप्रति आक्रोशित भएको देखिन्छ। "यी जिम्वाल मोराहरूले उछित्तो र भष्मखरानी कसले गर्ला र !" (पृ. २६) भन्ने भनाइमबाट गरिब पात्र तोर्मेले तथाकथित  सामन्ती अत्याचारप्रति भित्रभित्रै विद्रोह र असन्तोष व्यक्त गरेको देखिन्छ। यहाँ कथित उच्चवर्गीय अन्याय र ज्यादतीको बोध गरे तापनि निम्नवर्गीय पात्र तोर्मेले संगठित रूपमा सामन्त  जिम्वालविरुद्ध प्रत्यक्ष संघर्ष गर्न सकेको छैन र उत्पीडनबाट मुक्त हुन पनि असमर्थ भएको छ। यस कथामा दौरासुरुवाल माग्दा जिम्वालबाट गाली र अपमान सहनुपरेपछि ऊ भयभीत हुँदै आँखाभरि आँसु लिएर बस्न बाध्य भएको छ। आफ्नो गरिबी, अभाव र पीडाले ग्रस्त तोर्मेको चेतनामा उच्चवर्गीय दमनविरुद्धको विचार त उत्पन्न भएको छ तर त्यो सशक्त हुन सकेको छैन। यस कथामा उसको सोचमा शोषण र उत्पीडनको अन्त्यको चाहना स्पष्ट देखिए पनि त्यो आवाज संगठित र सशक्त रूपमा अभिव्यक्त हुन नसक्दा ऊ निरन्तर दमन सहन विवश बनेको देखिन्छ। यसरी सीमान्त जीवनयापन गर्न बाध्य निम्नवर्गीय तोर्मेको पीडादायी संघर्ष र त्यसबाट कथित उच्चवर्गले लिएको फाइदालाई कथामा जिम्वाल र तोर्मेका चरित्रमार्फत प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ (पोखरेल, २०८०, पृ. १६१)। समग्रमा तत्कालीन सामन्तवादी संरचनाभित्र कथित सामन्तहरूको उत्पीडनकारी दुव्र्यवहारका कारण निम्नवर्गले भोग्नुपरेका दुःख, अन्याय र पीडालाई यस कथाले मार्मिक रूपमा उजागर गरेको देखिन्छ।

'ऊ रुन थाल्यो' कथामा तत्कालीन नेपाली ग्रामीण समाजमा व्याप्त चरम वर्गीय तथा जातीय शोषण र उत्पीडनको यथार्थ चित्रण गरिएको छ। यस कथामा कथित निम्नवर्गीय दलित (दमाईँ) समुदायमाथि कथित उच्चवर्गीय ब्राह्मणको प्रभुत्व र अधीनस्थता स्पष्ट रूपमा देखिन्छ। समाजको उच्च संरचनामा वर्चस्व जमाएर बसेका उच्चवर्गका ब्राह्मणले पुस्तौँदेखि दलित समुदायमाथि शोषण, दमन र उत्पीडन गर्दै आएको अवस्था यहाँ उजागर गरिएको छ। छुवाछुत, आर्थिक शोषण, श्रमको दुरुपयोग, शारीरिक र मानसिक यातना जस्ता विविध रूपमार्फत जातीय तथा वर्गीय शोषण र दमन प्रकट भएको यस कथामा उच्चजातीय र उच्चवर्गीय पण्डित कृष्णहरिको दुव्र्यवहारले दलित पात्र हर्कमान दमाईँको परिवारलाई गहिरो पीडामा पारेको देखिन्छ। यहाँ बिष्ट भनिने ब्राह्मणले अछुत मानिने दमाईँलाई अपमान, तिरस्कार र घृणाको दृष्टिले हेरेको छ। हजुरबुबाको पालादेखि बालीघरे प्रथाअन्तर्गत लुगा सिउँदै आएका हर्कमानकी वृद्ध आमा बिरामी भई भोकै बस्नुपर्ने अवस्था आएपछि ऊ ज्यालाबापतको अन्न माग्न पण्डित कृष्णहरिकहाँ पुगेको छ तर ज्याला माग्दा उसले सामन्तबाट अत्यन्त अपमानजनक र तिरस्कारपूर्ण व्यवहार भोग्नुपरेको छ। पण्डितको परिवारबाट कुनै मानवीय संवेदना नदिई उल्टै उसलाई एक जोडी दौरासुरुवाल दस दिनभित्र सिलाएर ल्याउन आदेश दिइएको छ। सामन्तको यस्तो दुव्र्यवहारले हर्कमान गहिरो रूपमा पीडित र मानसिक रूपमा आहत भएको छ। बिनाज्याला अन्ततः ऊ खाली हात फर्किन बाध्य भएको छ। घर

फर्किँदा खान नपाएकी वृद्ध आमाले जीवन गुमाउनुपरेको पीडाले गरिब हर्कमानलाई अत्यन्त विचलित बनाउँछ, र उसका आँसु रोकिएका छैनन् । यहाँ आफूले पाउनुपर्ने ज्याला नपाउँदा आमाको जीवन जोगाउन नसकेको त्रासदीपूर्ण अवस्थाले उसको जीवनलाई थप करुण बनाउँछ । यस कथामा पण्डित कृष्णहरिजस्ता कथित उच्चजातीय र उच्चवर्गीय पात्रको प्रभुत्व स्पष्ट रूपमा देखिन्छ । यस कथामा उच्चवर्गको सामन्तले "तैँ मात्रै छस्, दमाईँ, डुमरा ? गर्दिन भन् न, भोलि नै म अर्को बन्दोबस्त गर्न सक्छु" (पृ. १०) भन्ने अपमानजनक कथनले उच्चवर्गीय ब्राह्मण वर्गद्वारा निम्नवर्गको दलितमाथि गरिएको चरम वर्गीय तथा जातीय शोषणलाई प्रस्ट पारेको छ । यस कथामा बिरामी आमालाई तातोपानी दिनसमेत नसक्ने अवस्था र तीन घण्टा प्रतीक्षा गर्दा पनि मालिकसँग भेट नपाई अन्ततः काम गुमाउने डरमा बाँधिएको हर्कमानको कारुणिक स्थिति चित्रित भएको छ । यसले निम्नवर्गीय मानिसहरू उच्चवर्गीय आश्रयबिना बाँच्नै कठिन हुने ततकालीन सामाजिक यथार्थलाई उजागर गरेको छ, जहाँ उनीहरू प्रायः भोक, अभाव र अपमानबीच जीवन बिताउन बाध्य भएका हुन्छन् ।

'ऊ रुन थाल्यो' कथामा वर्गीय शोषण, दमन र उत्पीडनको मूल आधार उक्त समयको सामन्तवादी सामाजिक संरचना रहेको देखिन्छ, जसका कारण कथित दलित समुदाय गम्भीर वर्गीय पीडामा परेको अनुभव हुन्छ । वर्णाश्रम व्यवस्थाले स्थापित गरेको निम्नवर्गको भनिने शूद्रले उच्चवर्गको भनिएको ब्राह्मणको सेवा गर्नुपर्ने परम्परागत मान्यतालाई यस कथामा यथार्थपरक रूपमा चित्रण गरिएको छ । यही सन्दर्भमा हर्कमानले बिष्ट भनिने ब्राह्मण पण्डित कृष्णहरिको सेवामा आफूलाई सधैँ तत्पर राखेको देखिन्छ । बालीघरे प्रथाअन्तर्गत पुस्तौँदेखि गरिब हर्कमानको परिवारले धनीमानी ब्राह्मण वर्गको घरायसी सेवा, विशेषतः कपडा सिलाउने जस्ता श्रमकार्य गर्दै आएको परम्परा यहाँ प्रस्तुत गरिएको छ । यसरी ततकालीन सामाजिक संरचनाले नै निम्नवर्गीय श्रमिकलाई सेवकको भूमिकामा सीमित गर्दै आएको यथार्थ यस कथामा उजागर गरिएको छ । यस कथामा निम्नवर्गीय दमाईँमाथि उच्चवर्गीय पण्डितको शोषणलाई यसरी प्रस्तुत गरिएको छ :

४०-५० जोर लुगा सिउँदैमा र ४-६ जोर तुन्दैमा के यो तँलाई त्यति दिन्थेँ र ! यो त तेरो बाबुबाजेको इमान र पहिलेदेखिको पुरानो भनेर ला खा त भनेको हुँ । यस्तै जोरी खोज्ने कुरा गर्ने होस् भने तँलाई एकै गेडा नदिएर काम लिन सक्छु, बुझिस् डुमरा । (२०१२, पृ. ११)

प्रस्तुत कथांशले तत्कालीन ग्रामीण नेपाली समाजमा कथित निम्नवर्गीय दलितमाथि कथित उच्चजातीय तथा उच्चवर्गीय समूहद्वारा गरिएको शोषण र दमनको गहिरो स्वरूपलाई प्रस्तुत गरेको छ । यहाँ वर्षभरि लुगा सिलाएर पनि आफ्नो श्रमको उचित ज्याला माग्दा कुनै पारिश्रमिक नदिई उल्टै निःशुल्क काममा लगाउने सामन्त र साहुको व्यवहारप्रति हर्कमानले प्रतिवाद गर्न सक्दैन । यहाँ कथित उच्चवर्गको ब्राह्मणले "बाबुबाजेको इमानका कारण तँलाई दया गरेको हुँ" (पृ. ११) भन्ने भनाइमार्फत निम्नवर्गको हर्कमानमाथि

उपकारको आवरणमा दबाब र अधीनस्थता कायम गरेको देखिन्छ । यसबाट गरिब हर्कमान दमाईँ र उसका परिवार सयौँ वर्षदेखि चलिआएको सामन्तवादी सोच, परम्परा र संरचनाका कारण निरन्तर शोषित, दमित र उत्पीडित अवस्थामा रहेको यथार्थ स्पष्ट हुन्छ ।

'ऊ रुन थाल्यो' कथामा कथित उच्चवर्गीय ब्राह्मण पण्डित कृष्णहरिको सेवामा निरन्तर संलग्न रहँदा गरिब पात्र हर्कमान आफ्नी बिरामी वृद्ध आमालाई एकमुठी पानीसमेत खुवाउन नसक्ने अवस्थासम्म पुगेको चित्रण गरिएको छ । हर्कमानले आफ्नो श्रमको पारिश्रमिक माग्दा पनि साहुबाट उल्टै अपमान, तिरस्कार र दमन सहन बाध्य हुने स्थिति यहाँ प्रस्तुत गरिएको छ । तत्कालीन समाजमा देवी–देवताको पूजा गर्ने र पुराण वाचन गर्ने धार्मिक आवरणमा रहेका सामन्त कृष्णहरिबाट गरिब हर्कमान गम्भीर शोषणमा परेको देखाइएको छ । यस कथामा हर्कमानले निम्नजातीय तथा निम्नवर्गीय दलित समुदायको प्रतिनिधित्व गरेको छ भने आडम्बरी पण्डित कृष्णहरिले उच्चजातीय तथा उच्चवर्गीय सामन्त र शोषक वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । यस कथामा "ख्वामितले भनेपछि म आफ्नो शरीरको छालासम्म पनि ओछ्याइदिउँला भन्ने हिम्मत छ" (पृ. १०) भन्ने कथनमार्फत निम्नवर्गीय हर्कमानको चरम मालिकभक्ति र आत्मसमर्पण प्रकट भएको छ । यसले उच्चवर्गीय अहंकार, प्रभुत्व र दमनकारी सोचको प्रभाव निम्नवर्गीय चेतनामा कति गहिरो रूपमा स्थापित भएको छ भन्ने यथार्थलाई पनि उजागर गरेको देखिन्छ ।

## *सांस्कृतिक मूल्य र वर्गसङ्घर्ष*

परम्परागत नेपाली सामन्ती समाजमा निम्नवर्गीय संघर्षलाई प्रायः उच्चवर्गीय संरचना र प्रभुत्वले दमन गरेको देखिन्छ । यस्तो सामाजिक व्यवस्थामा निम्नवर्गीय प्रतिरोधलाई उच्चवर्गको विभेदकारी सोच, सत्ता र वर्चस्वले नियन्त्रण गर्ने प्रवृत्ति प्रमुख रूपमा रहेको हुन्छ । 'घलेको आँशु' कथामा पनि यही यथार्थ उजागर गरिएको छ । यहाँ घले र भ्याङ्ली अत्यन्त गरिब भएकाले प्रत्यक्ष रूपमा साहु काहिँला बाजेसँग खुलेर सामना गर्न सक्दैनन् तर उनीहरूभित्र भने उसको शोषण र अन्यायविरुद्ध गहिरो असन्तोष र विद्रोहको भावना क्रमशः विकसित हुँदै गैरहेको देखिन्छ । यस कथामा तत्कालीन सामन्ती सामाजिक संरचनाले उनीहरूलाई आर्थिक तथा सामाजिक रूपमा कमजोर बनाउँदै दमित र उत्पीडित अवस्थामा राखेको भए पनि उनीहरूको अन्तरात्मामा सामन्तविरुद्ध जागृत भइरहेको विरोध र प्रतिरोध चेतनाले भने सर्वहारा वर्गको सामन्तवादी व्यवस्थाप्रतिको संघर्षको संकेत दिएको पाइन्छ । यही सन्दर्भमा गरिब पात्र घलेले "यस्तो रीस–ईवी लिएर साटो फेर्ने कोशिश नगर्नु होस् न हामी गरिब गुरुवामाथि" (पृ. ८) भन्दै साहुको अन्यायपूर्ण व्यवहारप्रति आफ्नो असन्तोष प्रकट गरेको छ । त्यसैगरी गरिब पात्र भ्याङ्लीले पनि "काहिला–वाहुनकहाँ क्यै गरे पनि नगए है– त्यो असाध्य पापी छ" (पृ. ८) भनेर काहिँला बाजेको अत्याचारप्रति चेतनात्मक प्रतिरोध व्यक्त गरेकी छ । कथामा आएका यी अभिव्यक्तिहरूले उनीहरूभित्र दमन, शोषण र श्रमको मूल्य

नपाएको पीडाबाट उत्पन्न भएको वर्गीय चेतनाको विकासलाई सङ्केत गरेको देखिन्छ। यहाँ उच्चवर्गीय वर्चस्वका कारण आवाजविहीन बनाइएका घले दम्पतीमा अन्ततः प्रतिरोधी भावना जन्मिनु वर्गीय द्वन्द्वको प्रारम्भिक अवस्था हो। उच्चवर्गीय काहिँला बाजेको सामन्ती व्यवहारका कारण उनीहरूमा विकसित हुँदै गएको असन्तोष क्रमशः वर्गसंघर्षतर्फ उन्मुख हुने सम्भावना देखिन्छ। यसरी यस कथाले उच्चवर्गीय दमन र विभेदजन्य संस्कृतिका कारण निम्नवर्गीय समुदाय उत्पीडित बन्न पुगेको तीतो यथार्थलाई मार्मिक रूपमा प्रस्तुत गरेको देखिन्छ।

'तोर्मे' कथामा तत्कालीन समयको उच्चवर्गीय पात्र जिम्वालको घरमा गोठालोका रूपमा काम गर्न बाध्य गरिब र निरीह पात्र तोर्मेको पुर्ख्यौली सम्पूर्ण सम्पत्ति जिम्वालद्वारा हडपिएको कुराको यथार्थ चित्रण गरिएको छ। सबै सम्पत्ति गुमेपछि तोर्मे सुकुम्बासी बन्न पुगेको छ। जिम्वालको यस्तो सामन्ती व्यवहारले निम्नवर्गीय तोर्मेको मनमा उच्चवर्गीय अत्याचारप्रति भित्रभित्रै असन्तोष र द्वन्द्वको भावना उत्पन्न भएको स्पष्ट देखिन्छ। यस क्रममा कथामा उसमा शोषणविरुद्ध चेतनाको क्रमिक विकास भइरहेको संकेत पाइन्छ। यस कथामा "यी जिम्वाल मोराहरूले उछित्तो र भष्मखरानी कसले गर्ला र!" (पृ. २६) भन्ने अभिव्यक्तिमार्फत गरिब पात्र तोर्मेले आफ्नो गरिबी र पीडाबाट उत्पन्न आक्रोशलाई उच्चवर्गीय जिम्वालको दमनविरुद्ध व्यक्त गरेको देखिन्छ। यसरी कथामा उसको व्यथित मानसिक अवस्थाबाट अन्तर्विरोधी भावना प्रकट भए तापनि त्यो अझै संगठित संघर्षमा रूपान्तरित हुन सकेको अवस्था भने देखिँदैन। यस कथामा निम्नवर्गीय पात्र  तोर्मेको पीडादायी अनुभूति र आन्तरिक विद्रोही चेतनाले सामन्ती शोषणविरुद्ध असन्तोषको संकेत गरे पनि तत्कालीन सामाजिक संरचना र दमनकारी परिस्थितिका कारण त्यो प्रत्यक्ष संघर्षमा परिणत हुन सकेको छैन। यसरी यस कथामा कथित उच्चवर्गीय जिम्वालद्वारा गरिने आर्थिक शोषणका विभिन्न रूपका कारण निम्नवर्गीय तोर्मे अत्यन्त पीडित, आक्रान्त र सीमान्त अवस्थामा पुगेको यथार्थलाई सजीव रूपमा प्रतिबिम्बित गराइएको पाइन्छ।

'ऊ रुन थाल्यो' कथामा समाजको उच्च तहमा प्रभुत्व र हैकम कायम गरी बसेका कृष्णहरिजस्ता पात्रहरूले पुस्तौँदेखि निम्नवर्गीय दलित समुदायमाथि शोषण, दमन र उत्पीडन गर्दै आएको कुराको चित्रण गरिएको छ। यस कथामा पण्डित कृष्णहरिको वर्गीय अत्याचारको सिकार हर्कमान दमाईँको परिवार बन्न पुगेको देखिन्छ। आफ्नो श्रमको उचित पारिश्रमिक माग्दा हर्कमानले साहुबाट अपमानजनक, तिरस्कारपूर्ण र अमानवीय व्यवहार भोग्नुपरेको छ। यस कथामा उच्चवर्गीय ब्राह्मण पात्रले दलित समुदायप्रति 'डुमरा', 'नाथे', 'डौरे', 'साइँदुवा', 'पाजी' जस्ता घृणासूचक र अपमानजनक शब्दहरूको प्रयोग गर्दै गहिरो विभेद र मानवीय गरिमाको उल्लङ्घन गरेको देखिन्छ। यस कथामा देवी–देवताको पूजा गर्ने र पुराण वाचन गर्ने र बाह्य रूपमा धार्मिक देखिने पण्डित कृष्णहरि नै वास्तवमा चरम शोषण गर्ने पात्रका रूपमा प्रस्तुत छ। यस कथामा कथित उच्चवर्गीय कृष्णहरिका कारण पीडित बनेको कथित निम्नवर्गीय हर्कमानले निम्नवर्गीय,

दलित, शोषित तथा उत्पीडित समुदायको प्रतिनिधित्व गरेको छ भने कृष्णहरिले सामन्तवादी सोच बोकेको उच्चवर्गीय शोषक वर्गको प्रतिनिधित्व गरेको छ । यसरी कथित उच्चवर्गीय वर्चस्व र अधीनस्थतामा आधारित तत्कालीन सामन्तवादी सामाजिक संरचनाभित्र कथित निम्नवर्गीय मानिसहरूले भोग्नुपरेको भौतिक, मानसिक र शारीरिक हिंसा तथा यातनालाई यस कथाले यथार्थपरक रूपमा उजागर गरेको देखिन्छ ।

## निष्कर्ष

कृष्णप्रसाद सर्वहाराका कथामा वर्गीय संरचनाअनुसार उच्चवर्गले निम्नवर्गमाथि आर्थिक तथा भौतिक दमन गरेको देखिन्छ । तत्कालीन सामन्तवादी उच्चवर्गीय शोषण, उत्पीडन, विभेद र अन्यायका कारण उनका कथाका मजदुर, किसान, नोकर, दास, महिला, दलित तथा जनजाति समुदायका पात्रहरू सामाजिक उन्नतिप्रगति र सहज जीवनयापनको अवसरबाट वञ्चित भई सधैँ पछाडि पारिएका छन् । उनका कथाका कथित उच्चवर्गीय पात्रले आफ्नो आर्थिक, सामाजिक तथा राजनीतिक प्रभुत्व कायम राख्दै समाजमा वर्चस्व जमाएका छन्, जसका कारण निम्नवर्गका पात्रहरूले आफ्नो जीवनको स्वपहिचान र स्वतन्त्र अस्तित्वसमेत गुमाउन बाध्य भएको देखाइएको छ । उनका कथामा सत्तामा पहुँच नपाएका निम्नवर्गीय मानिसहरू अत्यन्त दयनीय अवस्थामा निरीह, कमजोर र शक्तिविहीन भई अधीनस्थ जीवनयापन गर्न बाध्य छन् । उच्चवर्गीय आर्थिक प्रभुत्वकै परिणामस्वरूप उनीहरू समाजको किनारमा धकेलिँदै अस्तित्वहीनजस्तै अवस्थामा पुगेका छन् । यसरी वर्गीय असमानता, सामन्तवादी वर्चस्व, अधीनस्थता र पुँजीवादी प्रवृत्तिका कारण उत्पीडित समुदायहरूले भोग्नुपरेका पीडा र त्यसबाट सिर्जित कारुणिक जीवनस्थितिलाई सर्वहाराका कथाले सशक्त रूपमा चित्रण गरेको देखिन्छ । उनका कथामा तत्कालीन सामन्तवादी संरचनाभित्र सत्ता र शक्तिबाट वञ्चित, उपेक्षित, अपहेलित तथा तिरस्कृत निम्नवर्गीय समुदायको प्रतिनिधित्व गराइएको छ । उनका कथाका कथित उच्चवर्गीय पात्रहरू भने प्रभुत्वशाली, अहंकारी र हैकमवादी मानसिकताका रूपमा प्रस्तुत भई प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व गरेका छन् तर निम्नवर्गीय पात्रहरू भने शोषित, दमित र उत्पीडित अवस्थामा देखाइएका छन्, जसलाई विवश, निमुखा, कमजोर र शक्तिहीन चरित्रका रूपमा चिनाइएको छ । समग्र रूपमा हेर्दा सर्वहाराका कथाहरूमा उच्चवर्गद्वारा निम्नवर्गमाथि गरिने दमन, शोषण, विभेद र अमानवीय व्यवहारका कारण वर्गीय सम्बन्ध वैरभावपूर्ण, तिक्त र असन्तुलित बनेको देखिन्छ । तत्कालीन कथित उच्चवर्गीय वर्चस्वले कथित तल्लो वर्गप्रति उपेक्षा, दमन र विभेदको व्यवहारलाई निरन्तरता दिएको देखाइएको छ । यसका कारण वर्गीय सम्बन्ध असमान, अमानवीय र अन्यायपूर्ण रूपमा स्थापित भएको छ । उनका कथामा चित्रित वर्गीय समस्याको मूल कारण सामन्तवादी संरचनाभित्र रहेको उच्चवर्गीय प्रभुत्व, अहंकार, वर्चस्व र दम्भ नै हो । यी कथामा तत्कालीन समाजको वर्गीय चिन्तन, चरित्र,

व्यवहार र सामाजिक संरचनामार्फत निम्नवर्गीय तथा दलित–जनजाति समुदायका पुरुष तथा महिला पात्रहरूले भोग्नुपरेको उत्पीडनलाई जीवन्त र यथार्थपरक रूपमा प्रस्तुत गरिएको छ ।

## सन्दर्भसामग्रीसूची


कारचेदी, गागलिल्मो (सन् १९९९), *वर्ग विश्लेषण और सामाजिक अनुसन्धान,* (अनु. कृष्णकान्त मिश्र), ग्रन्थ शिल्पी ।

किरण, मोहन वैद्य ( २०६७), *माक्र्सवादी दर्शन,* प्रगतिशील अध्ययन केन्द्र ।

पोखरेल, गुरुप्रसाद (२०८०), *सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि, कीर्तिपुर ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

भुसाल, घनश्याम (२०६८), *आजको माक्र्सवाद र नेपाली क्रान्ति,* नेपाली अध्ययन केन्द्र ।

माक्र्स, कार्ल र एङ्गेल्स, फ्रेडरिक (सन् १८४८), *कम्युनिस्ट पार्टी का घोषणापत्र,* प्रगति प्रकाशन ।

रेग्मी, रामराज (२०६०), *मानव समाजको रूपान्तरण,* सामुदायिक विकास प्रतिष्ठान ।

लेनिन, भ्लादिमिर (सन् १९८५), *सङ्कलित रचनाएँ भाग ५*, रादुगा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

सर्वहारा, कृष्णप्रसाद (२०१२), *दुई छेस्का सलाई,* लेखक स्वयम् ।

सर्वहारा, कृष्णप्रसाद (२०१८), *दर्बारकी केटी,* विप्लवी पुस्तकालय ।

Beteille, A. (1996), *Caste, Class and Power*, Third Edition, Oxford University Press.